# आर्थिक विधेयक २०८३

## भोजपुर नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यन्वयन गर्न वनेको विधेयक

प्रस्तावना :- भोजपुर नगरपालिकाको आर्थिक वष २०८३/०८४ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यन्वयन गर्नको लागी स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) वमोजिम भोजपुर नगरपालिकाको दशौं नगर सभाले यो आर्थिक विधेयक वनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ** : १) यस विधेयकको नाम आर्थिक विधेयक २०८३ रहेको छ ।

(२) यो विधेयक  २०८३ साल साउन १ गतेदेखि भोजपुर नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

**२)** नगरपालिकाका  क्षेत्रभित्र अनुसुची-१ बमोजिम एकिकृत सम्पक्ति कर /घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

**३) घर वहाल कर** : नगरपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले भवन घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावापोखरी पुरै वा आंशिंक तवरले वहालमा दिएकोमा अनुसुची २ वमोजिम घर जग्गावहाल कर लगाइने र असुल गरिने छ ।

**४) व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची ३ वमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

**५) सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्रका दर्ता भएका सवारी साधनमा अनुसुची ४ वमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

**६) मनोरञ्जन कर** : नगरपालिका क्षेत्रभित्रहुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची ५ वमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

**७) वहाल विरौटी शुल्क** : नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसुची ६ माउल्लेख भएअनुसार हाटवजार वापसलमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार वहाल विरौटी शुल्क लगाइने र असुल उपर गरिने छ ।

**८) पार्किङ्ग शुल्क** : नगरपालिका क्षेत्र भित्रकुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची ७ वमोजिम पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**९) सेवा शुल्क दस्तुर** : नगरपालिकाले निर्माण, संचालनवाव्यवस्थापन गरेका अनुसूची ८ मा उल्लिखित स्थानीय पुर्वाधार र उपलव्ध गराईएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचीमा

CS CamScanner

व्यवस्था भए अनुसार सेवा तथा दस्तुर लगाईने र असुलउपर गरिनेछ ।

**१०) फोहोरमैला व्यवस्थापन शुल्क :-**नगरपालिका क्षेत्रभित्र अनुसुची ९ वमोजिम फोहोरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**११) नदीजन्य पदार्थ श्रोत उपयोग तथा विक्रि कर** : नगरपालिकाको क्षेत्रभित्र रहेको खोलामा प्रदेश सरकारले निर्धारण गरेको दरमा अनुसुची १३ वमोजिम ढुङ्गा, गिटी र वालुवा जस्ता नदीजन्य पदार्थमा श्रोत उपयोग तथा विक्रि कर लगाइने र असुलउपर गरिने छ ।

**१२) घर नक्सा पास शुल्क तथा दस्तुर** : नगरपालिका क्षेत्रभित्र बन्ने पक्की घरहरुमा अनुसुची १५ वमोजिम पक्की घर नक्सा शुल्क तथा दस्तुर लगाइने र असुलउपर गरिने छ ।

**१३) कर छुट** : अनुसुचि ११ र १२ मा उल्लेख भएकोमा बाहुक ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१४) कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधी** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि नगरपालिकाले तोके वमोजिम हुनेछ ।

CS CamScanner